# COVID-19 खोपहरू कसरी बनाइन्छ भन्ने बारे बारम्बार सोधिने प्रश्नहरू ट्रान्सक्रिप्ट

तपाईंले अहिले COVID-19 खोपहरूका बारेमा धेरै जानकारीहरू सुनिरहनुभएको होला । हामीले COVID-19 खोपहरू कसरी बनाइएका छन् भन्ने बारेमा केही सामान्य प्रश्नहरूको उत्तर दिन चाहेका छौं ।

## COVID-19 खोपहरू द्रुत गतिमा कसरी बनाइन्छ ?

सामान्यतया, ठूलो मात्रामा खोपहरू उत्पादन गर्नु अघि उक्त खोप सुरक्षित छ र यसले काम गर्छ भनेर सुनिश्चित गर्न खोपको जाँच गर्ने गरिन्छ । विश्वव्यापी महामारी र संघीय सरकारबाट प्राप्त हुने रकमको कारण, वैज्ञानिकहरूले दुवै कार्यहरू एकै समयमा गरे । परीक्षण गरिएका र सुरक्षित देखिएका खोपहरू मात्र प्रयोग गरिन्छन् ।

## COVID-19 खोपहरू को परीक्षण कसरी गरिन्छन् ?

सबै COVID-19 खोपहरूको क्लिनिकल परीक्षण भनिने परीक्षण गरिएको हुन्छ । प्रत्येक खोपको एक भन्दा बढी परीक्षणहरू गरिएको हुन्छ । पहिले, स्वयंसेवकहरूको सानो समूहमा खोपको परीक्षण गरिन्छ, त्यसपछि सय दुई सय, त्यसपछि दशौं हजारौं मानिसहरूमा परीक्षण गरिन्छ । COVID-19 खोप परीक्षणका लागि स्वयंसेवकहरू विभिन्न समुदाय र पृष्ठभूमिबाट रहेका छन् । अन्य खोपहरूको परीक्षणको लागि पनि यही प्रक्रिया अपनाइन्छ ।

## COVID-19 खोपहरू कसरी अनुमोदित हुन्छन् ?

सबै परीक्षणहरू पार् गर्ने खोपहरूको हकमा, चिकित्सा विशेषज्ञहरूको टोलीले परीक्षणहरूका नतिजा र मानिसहरूले खोप लगाएपछि कस्तो महसुस गरे भनेर अध्ययन गर्दछन् । यदि खोपले काम गर्दछ र सुरक्षित छ भने, स्वीकृत गरिन्छ । वैज्ञानिक र विशेषज्ञहरूका धेरै समूहले COVID-19 खोपहरूको सुरक्षा सम्बन्धी तथ्याङ्क समीक्षा गरिरहेका र सिफारिसहरू गरिरहेका छन् । स्वीकृत खोपहरू मात्र मानिसहरूलाई लगाइन्छ ।

## पहिले कसलाई खोप लगाइन्छ ?

CDC को राष्ट्रिय सल्लाहकार समूहले तथ्याङ्क हेर्‍यो र पहिले कसले खोप लगाउने भन्ने बारेमा सिफारिस गर्‍यो । COVID-19 को उच्च जोखिममा रहेका वा COVID-19 को कारण गम्भीर बिरामी हुन सक्ने केही समूहहरूले पहिले खोप लगाए । मिनेसोटाको एक विशेषज्ञ टोली छ जसले स्वास्थ्य समतामा ध्यान केन्द्रित गर्दै सबैलाई निष्पक्ष ढङ्गले खोप उपलब्ध गराउने कुरा सुनिश्चित गर्नमा मद्दत गर्दछ । समय बित्दै जाँदा थप खोपहरू उपलब्ध हुने बित्तिकै धेरै व्यक्तिहरूलाई खोप लगाइनेछ ।

COVID-19 खोपको बारेमा थप जानकारीको लागि स्वास्थ्य विभागको वेबसाइट हेर्नुहोस् ।

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

2/9/21 (Nepali)

*यस जानकारीलाई फरक ढाँचामा प्राप्त गर्न: 651-201-4989. कल गर्नुहोस्*